# जिराभवानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सेढवा, पर्सा
## मधेश प्रदेश, नेपाल

# करार मार्फतपदपुर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकशित मिति २०७९/१०/२५ गते

यस जिराभवानी गाउँपालिकाको मिति २०७९/१०/१७ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) बमोजिम यस जिराभवानी गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरु अन्तर्गत रिक्त रहेको तपसिलको पदमा करार सेवा मार्फत पदपुर्ति गरी कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र)दिन भित्र तल उल्लेखित कागजात र राजश्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दर्खास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | २/२०७९/०८० | सूचना प्रविधि अधिकृत | छेठौं तह | १ (एक) |
| २. | ३/२०७९/०८० | ल्याब टेक्निसियन | पाँचौ तह | १ (एक) |
| ३. | ४/२०७९/०८० | अ.हे.व. | चौथो तह | २ (दुई) |
| ४. | ५/२०७९/०८० | अ.न.मी. | चौथो तह | १ (एक) |
| ५. | ६/२०७९/०८० | भारी सवारी चालक | प्रथम स्तर | १ (एक) |
| ६. | ७/२०७९/०८० | इलेक्ट्रीसियन | प्रथम स्तर | १ (एक) |
| ७. | ८/२०७९/०८० | ट्रेक्टर चालक | प्रथम स्तर | १ (एक) |
| ८. | ९/२०७९/०८० | एम्बुलेन्स चालक | प्रथम स्तर | १ (एक) |
| ९. | १०/२०७९/०८० | कार्यालय सहयोगी | प्रथम स्तर | ६ (छ) |

**१. आवश्यक न्युनतम योग्यता :**

(क) **उमेर** मिति २०७९/११/१० गते सम्म छेठौं तहको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा अन्य तहको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,

**(ख)सूचना प्रविधि अधिकृत** पदको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट computer वा Information and Communications Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक तह (BIT,BIM,BBIS,BCA, BCIS,BEIT,Bsc,IT,BscCSIT,BE,BTech, Electronics and Communication engineering) स्नातक तह उतिर्ण भएको ।

**(ग) ल्याब टेक्निसियन** पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.इ.इ. उत्तीर्ण गरी ल्याब टेक्निसियनको २ वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण गरेको ।

**(घ) अ.हे.व.**पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब विषय उतिर्ण गरी स्वास्थ्य व्यवासायिक परिषद्मा दर्ता भएको ।

**(ङ) अ.न.मी.** पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. विषय उतिर्ण गरी नेपाल स्वास्थ्य नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।

**(च) भारी सवारी चालक**को हकमा सामान्य लेखपढ गर्न जान्ने भई समूह ज वा झ (Category 'H' or 'I') को सवारी चालक अनुमति प्राप्त गरेको ।

**(छ) इलेक्ट्रीसियन**को हकमा साधारण लेखपढ गर्न जान्ने भई तालिम प्राप्त गरेको हुनुपर्ने ।

**(ज) एम्बुलेन्स चालक**को हकमा साधारण लेखपढ जार्न जान्ने भई चार प्राङ्गे चालक अनुमतिपत्र प्राप्त गरेको ।

**(झ) कार्यालय** सहयोगीको हकमा कक्षा ८ उतिर्ण गरेको हुनुपर्ने ।

**२. दरखास्त बुझाउने स्थान :** जिराभवानी गाउँपालिकाको कार्यालय, सेढवा, पर्सा । दरखास्त फाराम कार्यालय वा वेभसाइट www.jirabhawanimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**३. दरखास्त दस्तुर बुझाउने स्थान :** यस कार्यालयको एन.आई.सी.एसिया बैङ्क, जगरनाथपुरशाखा, पर्सामा रहेको आन्तरिक राजश्व खाता नं२३१२०५००२७९८४००२ मा रकम जम्मा गरिएको भौचरपेश गर्नु पर्नेछ ।

**४. दरखास्त बुझाउने अन्तिम मिति :** २०७९/११/१० गते सम्म ।

**५. आवेदन दस्तुर :** छेठौ तहको लागि रु.१०००/-, पाँचौ तहको लागि रु. ८००/-, चौथो र प्रथम स्तर पदको लागि रु. ५००/- मात्र

**६. सेवा तथा सुविधाहरु :** गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. करार अवधि :** वि.स.२०८० असार मसान्त सम्म हुनेछ । पछी कार्यसम्पादनको आधारमा म्याद थप हुन सक्नेछ ।

**८. छनोटको तरिका :** संक्षिप्त सुचि प्रकाशन, सूचना प्रविधि अधिकृत हकमा लिखित, प्रयोगात्मक र अन्तर्वार्ता, ल्याब टेक्निसियन, अ.हे.व.,अ.न.मी.को हकमा लिखित तथा अन्तर्वार्ता, भारी सवारी चालक, इलेक्ट्रीसियन, ट्रेक्टर चालक र एम्बुलेन्स चालकको लागि प्रयोगात्मक र अन्तर्वार्ता तथा कार्यालय सहयोगीको हकमा अन्तर्वार्ता मात्र ।

**९. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** हाल सालै खिचेको उम्मेदवारको दुई प्रति पासपोर्ट साईज फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, कार्य अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि ।

**१०. थप जानकारीको लागि :** जिराभवानी गाउँपालिकाको कार्यालय, सेढ्वा, पर्सा वा सम्पर्क नं. ९८५४०३२०५८

**प्रमुख प्रशासकीय अधिकृत**